लक्ष्मीनियाँ गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

लक्ष्मीनियाँ बजार, धनुषा

मधेश प्रदेश, नेपाल

प.सं. :-०७९/०८०

च.नं.:-

Email-(laxminiyamun@gmail.com)

मितिः- २०७९/१२/०८

**सूचना !** **सूचना !!** **सूचना !!!**

**बिषय :- पोखरी ठेक्का सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस लक्ष्मीनियाँ गाउँकार्यपालिका को मिति २०७९/११/०८ गते सोमबारका दिन पोखरी ठेक्का लगाउने सम्बन्धी भएको निर्णय बमोजिम ५ (पाँच ) बर्षका लागि तपशिलमा उल्लेखित ठेक्का मार्फत पोखरीमा माछा पालन,ब्यवस्थापन तथा संरक्षणका लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक ब्यक्ति, संघ संस्था लगायत सरोकारवालाहरुले ठेक्काको लागि बोलपत्र वापत रकम रु १००० अक्षरेपी रु एक हजार रुपैयाँ मात्र यस कार्यालयको नेपाल ईन्भेष्टमेन्ट मैगा बैंक लि.मा रहेको आन्तरिक राजश्व खाताको खाता नं.१०३००१००५०७२२ मा रकम दाखिला गरी खरिद गरिएको फारम तोकिएको शर्तको अधिनमा रही यो सूचना प्रकाशन गरिएको मितिले १५ (पन्ध्र) दिन भित्र सिलबन्दी गरी बोलपत्र दर्ता गराउनु हुन सम्बन्धित सबैमा जानकारी को लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल :-**

| सि.नं. | ठेक्का नं. | पोखरीको नाम | वडा नं. | किता नं | क्षेत्रफल | न्युन्तम कबोल रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ११/२०७९/८० | हनुमान मन्दिर पछाडिको पोखरी (कचहरी) | ५ | ५२ | ०-१३-११ | १०,००,००० । | |
| २ | १२/२०७९/८० | भंगहा गाउँको दक्षिण पट्टी रहेको पोखरी | ५ | २९४ | १-१०-०९ | १५,००,००० । | |

**शर्तहरु :-**

१. बोलपत्र दाताले बोलपत्र खरिद गर्न आउदा सम्बन्धित ब्यक्ति वा ठेकेदारले आफ्नो नागरिकता प्रमाणपत्र लिई स्वयम उपस्थित हुनुपर्ने छ ।

२. खामको बाहिर पट्टी ठेक्का नं.र यस कार्यालयको नाम उल्लेख गरि बोलपत्र शिलबन्दी पेश गर्नु पर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

लक्ष्मीनियाँ गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

लक्ष्मीनियाँ बजार, धनुषा

मधेश प्रदेश, नेपाल

प.सं. :-०७९/०८०

च.नं.:-

Email-(laxminiyamun@gmail.com)

३. बोलपत्रसाथ बोलपत्र पेश गर्ने व्यक्तिको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा स्स्थाको हकमा संस्थाको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ ।

४.बोलपत्र फारममा कबोल गरेको अंक र अक्षरमा केयरमेट नगरी स्पस्टसँग लेख्नु पर्ने छ तथा अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ ।

५.बोलपत्र साथ आफुले कबोल गरेको अंकका ५ प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल ईन्भेष्टमेन्ट मैगा बैंक लि.लक्ष्मीनियाँ शाखामा रहेको धरौटी खाता ग-३ को खाता नं.१०३००१०००६१०८ मा धरौटी रकम जम्मा गरेको सक्कल भौचर संलग्न गर्नुपर्ने छ ।

६.सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन कार्यालय समय भित्र ठेक्काको बोलपत्र फारम मार्फत रकम रु १००० । तिरी लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालयबाट खरिद गरी १६ (स्रोह) दिनको १२(ब्राह) बजे कार्यालयमा सिलबन्दी बोलपत्र दर्ता गराई सक्नुपर्नेछ र सोहि दिन दिनको २ (दुई )बजे यस कार्यालयमा सिलबन्दी बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा बोलपत्र खोलिने छ यदि बोलपत्र खोलिने समयमा बोलपत्रदाताहरु उपस्थित नभएमा बोलपत्र खोल्न बाधाँ पर्ने छैन ।

७.बोलपत्र फारम खरिद गर्ने अन्तिम दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय समयमा बोलपत्र फारम खरिद गर्न सक्ने र त्यसको भोली पल्ट दिनको १२ बजे सम्ममा बोलपत्र फारम दर्ता गराई सक्नु पर्ने र सोहि दिन दिनको २ बजे बोलपत्र खोलिनेछ ।

८.म्याद नाघी वा रित नपुगी प्राप्त भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

९.बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

१०.बोलपत्र स्वीकृत भएको मितिले सात दिन भित्र कबोल गरेको रकमको सम्पुर्ण रकम यस कार्यालयको आन्तरिक राजश्व खाता नं.१०३००१००५०७२२ मा जम्मा गरेको रकमको सक्कल भौचर सहित सम्झौता गरी चलन पुर्जी लिई सक्नु पर्नेछ ।

११.पोखरी तथा माछाको सुरक्षा ठेकेदार स्वयमले गर्नुपर्ने छ ।

१२.यस सूचनामा उल्लेखित शर्तहरु बमोजिम नभएको हकमा प्रचलित सार्वजनिक खरिद ऐन,२०६३ र नियमावली २०६४ बमोजिम हुनेछ ।

१३ .ठेक्का अवधि चलन पुर्जी लिएको मिति देखि गणना हुनेछ ।

२०७९।१२।१८

नागेन्द्र यादव

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत